Scholarship Program in FRANCE for Master's Degree
Minimum IELTS score: 6.0
Subjects: Business, Science, Engineering, Arts, etc
DEADLINE FOR APPLICATION 31 January 2017
Chipledhunga, Pokhara (Near Ratna Emporium)
T: 061 - 521229, 9824120782
E: fr.kyodai@gmail.com
W: www.emecnepal.com
EURO MISSION EDUCATION CONSULTANCY
EMEC

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ९ | अंक ११३ | श्रेणी 'क' | २०७३ माघ ११ गते मंगलबार | 24 Jan. 2017 | पृष्ठ ४ | मूल्य रू. ५/-

STUDY IN GERMANY
❖3 year Degree
❖Gap Accepted
❖2 year work permit
❖IELTS 5.00
❖High PR Chances
❖German Language not Required
Emerged Educational Consultancy Pvt. Ltd
Siddhartha chowk (Opposite of UFO)
Ph:061-541667, 9846857077
email: info@emerged.edu.np

### एमाले नेता नेपाल र खनालको पोखरामा छुट्टाछुट्टै पत्रकार सम्मेलन

## संविधान संशोधनको अर्थ नभएको जिकिर

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० माघ ।**

एमाले वरिष्ठ नेता माधव नेपाल र अर्का वरिष्ठ नेता झनाथ खनालले सोमबार छुट्टा-छुट्टै पत्रकार सम्मेलनको आयोजना गरि मुलुकको समसामयिक विषय र पार्टीको बारेमा आ-आफ्ना धारणा राखे। नेपाल र खनाल दुवै पूर्व प्रधानमन्त्री तथा पार्टीको नेतृत्व गरिसकेका नेता हुन्। नेता नेपालको पत्रकार सम्मेलन सोमबार विहान सृजनाचोकस्थित साइमन पार्टी प्यालेसमा भएको थियो भने खनालको जिरो किमिस्थित न्यू एरा रेष्टुरेन्टमा भएको थियो। दुवै पत्रकार सम्मेलनको आयोजना प्रेस चौतारी कास्कीले गरेको थियो। नेता नेपाल र खनाल पार्टीका विभिन्न भातृ संगठनको प्रशिक्षण कार्यक्रमका लागि पोखरा आएका हुन्। नेता नेपाल आइतबार र खनाल सोमबार पोखरा आएका थिए। दुवै नेता सोमबार नै काठमाडौं फर्किसकेका छन्।



माधवकुमार नेपाल



झलनाथ खनाल

पत्रकार सम्मेलनमा बोल्दै नेता नेपालले सत्तापक्षकै सांसद विपक्षमा रहेकाले संविधान संशोधन नहुने बताएका छन्। एकातिर एमालेसँग संशोधन हुन नदिनकालागि प्रयाप्त अर्थात् एकतिहाई मत रहेको र त्यहीमाथि दुई तिहाई छ भन्ने सत्ताधारीमा अनेकता रहेकाले संशोधन नहुने उनको भनाइ थियो। 'सत्तासीन पार्टीका कतिपय सांसदहरुमा देशभक्तिको भावना छ। देशलाई माया गर्नुहुन्छ र ५ नम्बर प्रदेशका जनताप्रति बफादार पनि हुनुहुन्छ,' नेता नेपालले भने-'संशोधनको पक्षमा मत बढ्ने नभई विपक्षमा जाने अवस्था विद्यमान छ।' सरकारलाई समर्थन गरेकै पार्टीबाट मन्त्री थपिएको भन्दै उनले यो नौलो घटना नभएको बताए।

संविधान संशोधनको विपक्षमा उभिएका सत्ताधारी दलका सांसदलाई देश जोगाउने काममा अन्तिमसम्म लागिरहन आग्रह गरे। कुनै कुराको लोभ, प्रलोभन, त्रास, आतंकबाट प्रभावित नभई राष्टिय हित, भौगोलिक अखण्डता र स्वभिमानको पक्षमा दरो गरी उभिने अडान लिनुपर्ने उनले बताए।

अमेरिका जस्तो देशमा त देशभक्तिको भावना हुनुपर्छ र एक-अर्कामा खोज्नु पर्नेछ भन्ने कुरा आइरहेको भन्दै उनले नेपालजस्तो मुलुकमा झन् धेरै देशभक्तिको आवश्यकता रहेको बताए। पार्टीको नेता, कार्यकर्ता, जनता, कर्मचारी, अधिकारीलगायत सबै निकायका व्यक्तिमा देशभक्तिको खोजी गर्नुपर्ने बेला आएको उनको भनाइ थियो।

'नेपाली देशभक्तिको रगत बगेको छ की छैन भनेर खोज्नु पर्ने बेला आएको छ,' उनले भने, 'देशको एकता, अखण्डताको निमित्त स्वतन्त्रता सार्वभौमसत्ताको लागि दरो गरी उभिने र त्यसमा गौरव बोध गर्ने भाव विद्यमान हुनु जरुरी छ।' उनले प्रधानमन्त्री पुष्पकमल दाहाल, कम्युनिष्ट पाटी भनिने माओवादी केन्द्र, कांगेस सभापति शेरबहादुर देउवा, कांग्रेस र मधेसवादी दलभित्र देशभक्तिको भावना खोजी गर्नुपर्ने बताए। कांग्रेसले राष्ट्रियताका कुरा गरे पनि देशभक्तिमा कमजोर हो की भन्ने जनमानसमा परेको भन्दै उनले कांग्रेस कस्तो पार्टी हो कुराले होइन कामका आधारमा मूल्यांकन गर्नुपर्ने बेला आएको बताए।

संविधानले पर्याप्त अधिकार दिएको भन्दै उनले अब त्यसको उपभोग गर्ने वातावरण र कर्तव्यको पालना गर्ने नया परिवेश निमार्णको आवश्यकता रहेको औंल्याए। स्थानीय तहदेखि तीनै प्रकारको निर्वाचनलेमात्रै संविधानको कार्यान्वयन हुने उनले बताए।

'निर्वाचनलेमात्रै देशलाई अघि बढाएर लैजान सकिन्छ। सबै प्रकारका संवैधानिक संकटको समाधान र राजीनितिक शुन्यताबाट जोगाउन सकिन्छ,' उनले भने, 'तोकिएको सीमाभित्रै निर्वाचन गर्नुपर्छ।' आगामी माघ ७ भित्रै सबै तहको निर्वाचन सकेर नयाँ राजनीतिक संरचना क्रियाशील बनाउनु पर्नेमा समय बढाएर निर्वाचन पर धकेल्ने गलत नियतमा सरकार देखिएको उनले आरोप लगाए। निर्वाचन कानुन ल्याउन नसक्ने सरकार अयोग्य र नालायक रहेको उनको टिप्पणी थियो। अलोकप्रियता, घट्दो जनाधार, राजनीतिक भविष्य ओझेलमा पर्ने देखिएपछि सत्तासिन पार्टी जनतामा जान डराएको उनको भनाइ थियो। संविधान विरुद्धका कुनै पनि षडयन्त्र सफल नहुने दाबी गरे। दुईचार अपवाद बाहेक नेपाली सांसद पैसामा बिक्दैनन भन्दै उनले अहिले पनि पैसा बोकेर हिँडेको उनले दाबी गरे।

यसैगरी पूर्व प्रधानमन्त्री तथा एमालेका अर्का वरिष्ठ नेता झलनाथ खनालले संविधान कार्यान्वयनका लागि तत्काल निर्वाचनको मिति घोषणा गर्न माग गरे। नेता खनालले संविधान संशोधनभन्दा कार्यान्वयन एमालेको प्रमुख मुद्दा भएको जिकिर गरे। निर्वाचनको मिति घोषणा गर्न आलटाल नगरी अविलम्ब घोषणा गर्न आग्रह गर्दै उनले अर्को सालको माघ ७ गतेभित्र तीनवटै निर्वाचन सम्पन्न भएमात्रै संविधान कार्यान्वयन हुने बताए। उनले संविधान संशोधनको अहिले कुनै अर्थ छैन र संशोधनको प्रक्रियामा गए देश दुर्घटनामा पर्ने चेतावनीसमेत दिए।

प्रेस चौतारी नेपाल कास्कीका अध्यक्ष माधव बरालको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष रामजीप्रसाद लम्साल र सह-सचिव मोतीसागर अधिकारीले बोलेका थिए।

यसैबीच एमाले महासचिव ईश्वर पोखरेलको पत्रकार सम्मेलन मंगलबार बिहान पोखरामा आयोजना गरिएको बताइन्छ।

## चुनावमा लाग्न नेता भण्डारीको निर्देशन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १० माघ ।**

नेपाल सरकारका वन तथा भू-संरक्षण मन्त्री शंकर भण्डारीले प्राकृतिक श्रोत साधनको व्यवस्थित उपयोगलाई जोड दिएका छन्।

अनियन्त्रित रुपमा भैरहेको प्राकृतिक श्रोत साधानको दोहन कुनै पनि हालतमा स्वीकार्य नहुने भन्दै मन्त्री भण्डारीले आमसमुदायको चासो अभिवृद्धि हुनुपर्ने समेत बताए। नेपाललाई आगामी पाँच वर्ष भित्रमा काठमा आत्मनिर्भर बनाउने उनले दावी गरे।



नेपाली कांग्रेस कास्कीद्वारा आयोजित कार्यकर्ता भेटघाटलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले उद्देश्य अनुकुल काम नगर्ने एक्यापको नेतृत्व एक सातामा परिवर्तन गर्ने स्पष्ट पारे। उनले पोखराको बजार क्षेत्रसंग जोडिएको शान्तिवनको व्यवस्थापन र सार्दिखोला नजिकै रहेको वन क्षेत्रलाई सिकार आरक्ष बनाउनका लागि उपयुक्त योजना पेश गरिए आवश्यक प्रक्रिया अगाडि बढाउन आफू तयार रहेको बताए।

पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निकट भविष्यमा बन्ने विश्वास व्यक्त गर्दै उनले चिडियाखाना निर्माणका लागि पनि सरकार सकारात्मक रहेको बताए। राजनीतिकरुपमा मुलुकलाई अनिर्णयको बन्दी बनाउन नहुने भन्दै गर्दै मन्त्री भण्डारीले सरकार शीघ्र चुनावको मिति घोषणा गरि संविधान कार्यान्वयनको पक्षमा दृढ रहेको जानकारी दिए।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य समेत रहेका मन्त्री भण्डारीले सरकार चुनावको गृहकार्यमा लागेकाले तयार रहन कार्यकर्तालाई निर्देशन दिए। देश राजनीतिक संकटमा रहेको भन्दै मन्त्री भण्डारीले देशको राजनीतिक निकास र संविधानको कार्यान्वयनका लागि निर्वाचनमा जानुको बिकल्प नभएको बताए।

नेपाली काँग्रेस कास्कीका सभापति कृष्ण केसीले देशलाई राजनीतिक निकास दिने दायित्व काँग्रेसको काँधमा रहेको बताए। कार्यक्रममा नेपाली काँग्रेसका नेता शुक्रराज शर्मा, नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रीय अध्यक्ष आनन्दराज मुल्मी, पार्टीका नेता खेमराज पौडेल, सांसद शारदा पौडेल लगायतले पार्टीका तर्फबाट सरकारमा प्रतिनिधित्व गर्ने मन्त्रीहरूले जनमुखी कामलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका थिए।

Everest Institute of Hotel MAnagement
Mahendrapool, Pokhara
Contact : 061-536158, 9846038664, 9806600725
Admission Open !
6 months Specialization of Culinary Arts
3 months of Commercial Cooking
2 months of F & B Service
&
Many More .......
Come and Join with us today
Make your bright future for tomorrow

## प्याराग्लाइडिङ दुर्घटनामा वेलायती पाइलटको मृत्यु

**पोखरा १० माघ ।(गोल्डेन)**

पोखरामा प्याराग्लाइडिङ दुर्घटना हुँदा एक जना वेलायती सोलो प्याराग्लाइडिङ पाईलटको मृत्यु भएको छ। कास्कीको सराङकोटबाट उडान भरेका वेलायत लिभरपुलका ६८ बर्षीय मिचाईल पिटर ब्ल्यानचार्डको प्याराग्लाईडिङको क्रममा आइतबार करीब दिउसो ३ बजे दुर्घटनामा पर्दा उपचारको क्रममा मुत्यु भएको प्रहरीले जनाएको छ। स्थानीयका अनुसार उनले उडान भरेको केहि सेकेण्डमै आकाशमा प्याराग्लाईडिङ अनियन्त्रित भई रुखमा ठोकिन पुगेको थियो। वेलायतबाट २१ जनवरीमा काठमाडौं आएका पिटर २२ तारिखमा नेपाल नागरिक उड्डयन कार्यालय पोखराबाट सोलो प्याराग्लाईडिङको अनुमति लिएर उडान गरेको पोखराका पर्यटक प्रहरी निरीक्षक जयराम महन्तले जानकारी दिए। उडान भरेको केहि सेकेण्डमै रुखमा ठोकिन पुग्दा गम्भीर घाइते भएका उनको उपचारको क्रममा मेट्रोसिटी अस्पतालमा आईतबार मृत्यु भएको हो। पिटरको पासपोर्ट नम्बर ५१२८७६२६४ रहेको छ। उनको शव पोष्टमार्टमका लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा राखिएको छ। पिटरले सराङकोट बाट उडान भरेको करिब एक सय मिटर टाढा पुग्दा नपुग्दै रुखमा ठोकिन पुगेको बताईन्छ। हवाई खेलकुद संस्था नाका उपाध्यक्ष सोवित बानियाले आधिकारीक रुपमा प्याराग्लाइडिङ गर्दा राम्रोसंग अनुगमन नगरी उडान दिदा यस्ता घटना दोहोरिने गरेको दाबी गरे। उनले भने-'विदेशी भन्दैमा कुनै देशमा प्याराग्लाईडिङ गरेको भरमा एकै पटक सहज ढंगले हामीले यहाँ प्याराग्लाइडिङ अनुमति दिंदा यो हालत भएको हो, यसमा उनीहरुको राम्रोसंग योग्यताको परीक्षण हुनुपर्दछ।'

Grab an opportunity to talk to the University Representatives
Study in Australia with Scholarships
Student Information Session
Federation University Australia | MELBOURNE INSTITUTE OF TECHNOLOGY
Teaching Locations : Sydney | Melbourne
Information Session Details:
Presented By:
Ms Vivienne Helps -
Senior Marketing Consultant of MIT
Date: 25th January, Wednesday
Time: 12:00 noon – 1:30 PM
UOW COLLEGE | UNIVERSITY OF WOLLONGONG AUSTRALIA
Teaching Locations : Sydney | Wollongong
Information Session Details:
Presented By:
Mr Adam Thorogood
Marketing Manager, UoW College
Date: 26th Jan 2017, Thursday
Time: 10.30 AM to 12 PM
Venue: Kangaroo Education Pokhara Premises (Saleways Tower, 5th Floor)
Please bring one set of your documents for spot assessment.
Kangaroo EDUCATION FOUNDATION
www.facebook.com/kangaroopokhara
Pokhara Office :
Saleways Tower, 5th Floor,
Chipledhunga, Pokhara
Phone:+977-61-541474, 526774
Ktm : 01-4233107, 4233088
Email: pokhara@kangaroo.edu.np
www.kangaroo.edu.np

AUSTRALIAN EDUCATION EXHIBITION
25th JANUARY, WEDNESDAY
9AM – 2PM
HOTEL POKHARA GRANDE
Pardi Birauta
Applications open for 2017 intakes
• 14 Australian Universities / Institutions under one roof
• On spot Applications • Scholarships* • Fee Waivers
ACU Australian Catholic University | CQUniversity Australia | Curtin University | Charles Sturt University
KAPLAN | Macquarie University | navitas | Torrens University Australia
une University of New England | University of South Australia | University of Wollongong Australia | UOW College
UTS:INSEARCH | Western Sydney University
Call : +977 (61) 524089
9856039212 (Mob.)
Get smart entry to Australian Education Exhibition 2017 via online registration from your smartphone. Download our app (Global Reach) and pre-register now!
Organised by Global Education Services Pvt. Ltd
GLOBAL REACH
www.globalreachonline.com
FREE ENTRY
Bring all your academic credentials in original and a set of photocopy for application
Global Reach Bhatbhateni, 3rd Floor, New Road, Pokhara-8
E: pokhara@globalreachonline.com

■ रिसलाई प्रेमले, झगडालाई मेलले र अन्धकारलाई प्रकाशले जितौं

**- पूर्वराजा महेन्द्र शाह**

## सम्पादकीय ...

# राहतमा बेइमानी

गत वर्षको भूकम्प लाखौं नेपालीका निम्ति असह्य विपत्ति भयो भने केहीले यसै विपत्तिलाई कमाउने मौका पनि बनाए । लगभग संसारभर नेपालका भूकम्पपीडितका नाममा पैसा उठाइयो । नेपाल र नेपालीलाई माया गर्नेहरूले उदारतापूर्वक पैसा दिए । त्यस्तो पैसा कति उठ्यो, कति सही काममा खर्च भयो र कति हिनामिना भयो भन्ने हिसाब-किताब सम्भवतः कसैसँग पनि छैन । सरकारले यसरी संकलित रकमको हिसाब खोज्ने प्रयास पनि गरेन । सुरुमा उठेका सबै पैसा सरकारी खातामा जम्मा गर्नुपर्छ भन्ने ऊर्दी जारी गऱ्यो । वास्तविक स्वयंसेवीहरू सरकारी ऊर्दीले तर्से र पैसा उठाउनै छाडे । तर, केहीले संस्थागत र व्यक्तिगत हैसियतमा पनि पैसा जम्मा गरे । यसरी पैसा जम्मा गर्ने सबैको नियतमा शंका गर्नु अन्याय हुन्छ तर केही दूतावासलगायत संस्था र व्यक्तिले भूकम्पपीडितका नाममा उठाएको पैसा हिनामिना गरेको वा हिसाबकिताब पारदर्शी नबनाएको आरोप लागेको छ । अमेरिकाको वासिङ्टन डीसीस्थित नेपाली दूतावासले पनि भूकम्पपीडितका नाममा उठेको रकम सबै नेपाल नपठाएको र त्यसको हिसाब-किताब पनि सार्वजनिक नगरेको सामाचार हालै प्रकाशित भएको छ। यसैगरी त्यहाँका नेपालीहरूको एउटा संस्थामा भूकम्पपीडतिका नाममा संकलित रकम हिनामिना भएको विवाद चर्केको थियो । अमेरिकास्थित नेपाली दूतावास र संस्था अपवाद पक्कै होइनन् । अरू दूतावास र विशेषगरी अन्तर्राष्ट्रिय संस्थाहरूले पनि भूकम्पपीडितका नाममा उठेका पैसा हिनामिना गरेका वा लुकाएका हुनसक्छन् । यस्तो पैसाको खोजी गर्नु सरकारको कर्तव्य पनि हो । यसले सरकारको विश्वसनीयता पनि बढाउनेछ। भूकम्पपीडित क्षेत्रको पुनःनिर्माणका लागि अन्तर्राष्ट्रिय समुदायले उपलब्ध गराउने प्रतिबद्धता गरेको रकम सबै नेपाल आइसकेको छैन । आएकै रकम पनि पीडितका हितमा खर्च हुनसकेको छैन । त्यसमा पनि अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था, स्थानीय गैरसरकारी संस्था र समूहहरूमार्फत् गरिएका कतिपय खर्चको औचित्य सिद्ध हुन सक्तैन । पीडितलाई प्रत्यक्ष लाभ हुने काममा अत्यन्त कम र व्यवस्थापनका नाममा असन्तुलितरूपमा धेरै रकम खर्च भएका थुप्रै समाचार सार्वजनिक भएका छन् । नेपाल रेडक्रस सोसाइटी यसको उदाहरण बन्न पुगेको छ तर अपवाद भने हैन । संयुक्त राष्ट्रसंघीय तथा अधिकांश अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको खर्च गराईको प्रवृत्ति नेपाल रेडक्रसको भन्दा खासै फरक देखिँदैन । त्यसो त पीडितहरूले पाएको लाभका तुलनामा राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले नै अहिलेसम्म गरेको खर्चको औचित्य सिद्ध हुन सक्तैन । यस्तो अवस्था थाहा पाएमा दाताहरू थप सहायता दिन पक्कै हिचकिचाउँछन् । बेलैमा यसलाई सम्बोधन नगर्ने हो भने पुनःनिर्माणका लागि आवश्यक रकमको थप अभाव हुनेछ । सरकारले भूकम्पपीडितका नाममा कुन दूतावासबाट कति पैसा संकलन भयो र रकममध्ये कति पुनःनिर्माणको काममा कहाँ खर्च भयो भन्ने यथार्थ जानकारी दिन एउटा श्वेतपत्र जारी गर्नु अहिलेको सन्देह कम गर्ने एउटा उत्तम उपाय हुनेछ । त्यसक्रममा राज्यका तर्फबाट भए गरिएको खर्चको विवरण पनि पारदर्शीरूपमा सार्वजनिक गरिएमा अझ राम्रो हुनेछ । राष्ट्रिय पुनःनिर्माण प्राधिकरणमा नेतृत्व परिवर्तन भएको छ । राजनीतिक नियुक्ति भएकाले प्रमुख कार्यकारी अधिकृतको परिवर्तन खासै अनौठो विषय पनि होइन । त्यसमाथि अहिलेसम्मको प्रगति यसै पनि सन्तोषजनक थिएन । तर, अहिलेसम्म भए गरिएको खर्च र उपलब्धिका बारेमा यथार्थ विवरण सार्वजनिक नहुँदासम्म कार्यकारी प्रमुख परिवर्तनको औचित्य पनि सिद्ध हुँदैन । प्राधिकरणले आफूले भए गरेका काम र लागत सार्वजनिक गरेपछि अरू संघ, संस्था र निकायसँग पनि भूकम्पपीडितका नाममा संकलन भएको रकमका सम्बन्धमा हिसाबकिताब खोज्ने नैतिक अधिकार हुनेछ । अहिलेसम्म पूर्ण जानकारी नभए केही दिनको समय दिएर प्राधिकरणले सबैलाई आफूले गरेको काम र खर्चको विवरण बुझाउन सूचना जारी गर्न सकिन्छ। त्यसरी संकलित विवरण पारदर्शीरूपमा सार्वजनिक गरिएमा साना वा ठूला दातालाई आफूले दिएको रकम सदुपयोग भए नभएको जानकारी हुनेछ । राम्रो काम गर्ने संस्थाका लागि पनि प्राधिकरणको यस कार्यबाट लाभ हुनेछ । दाताहरूप्रति कृतज्ञता प्रकट गर्न पनि त यस्तो जानकारी र विवरण आवश्यक र उपयोगी हुन्छ । यसैले पुनःनिर्माण प्राधिकरण र सरकारले पनि भूकम्पपीडितका नाममा संकलित रकमको पूरा हिसाब-किताब तथा खर्चको विवरण तत्काल संकलन र सार्वजनिक गर्न ध्यान दिऊन् । नेपालीप्रति सद्भाव राख्ने दाताहरूको उदारताबाट बेइमानहरूलाई अनुचित फाइदा लुट्न दिनुहुँदैन ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल माघ ११ गते मंगलबार, तदनुसार जनवरी २४ सन् २०१७, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शिशिर ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार माघकृष्णपक्ष चलिरहेको छ। सौरमान अनुसार आज माघकृष्णपक्षको द्वादशी तिथि अहोरात्र रहनेछ। आज सूर्य मकर राशिमा, चन्द्रमा वृश्चिक राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि ३१ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ५७ मिनेटमा जयदेव मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ३३ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : गर्न खोजेको काम विफल हुनेछन, मनमा अशान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबढी आउन सक्नेछ सर्तक हुनुहोला ।

**वृष** : विरोधीहरू सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला ।

**मिथुन** : यशकृति बढ्ने, शतुमाथि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन हुनेछ, दिन सुखद् बित्नेछ ।

**कर्कट** : पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ छ उपयोग गर्नुहोला ।

**सिंह** : आफन्तजनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल रहने, पेटवा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खवर प्राप्त होला ।

**कन्या** : आटेजति काम गर्न असफल, अफन्तबाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहेको छ ।

**तुला** : सबै क्षेत्रबाट लाभ पाइन सक्ने, आर्थिक समस्याको समाधान हुने, नविन कार्यको थालनी गर्दा राम्रो, दिन शुभ रहेको छ ।

**वृश्चिक** : मानसिक पीडा थपिने, मानहानी, आफन्तबाट धोका हुन सक्ने, आम्दानीका श्रोतहरू घट्नेछन् नआतिनु होला ।

**धनु** : टाढाबाट धन प्राप्त हुन सक्नेछ, प्रियतम भ्ेटघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ ।

**मकर** : नयाँ ठाँउमा जाँदा आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ ।

**कुम्भ** : सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ ।

**मीन** : चोटपटकको भय, टाढाको यात्रा असफल हुनेछ जोगिनुहोला, नास्तिक विचारले सताउनेछ, समय खराव रहेको छ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# स्वदेशी लगानीबाटै समृद्धि सम्भव

**डा. धनपति कोइराला**

वर्षौंदेखि लोडसेडिङबाट जनता हैरान हुँदै आएका थिए । अझ हिउँद बढ्दै गएपछि दिनमा अठार घन्टासम्म हुने विद्युत् कटौती जनताका निम्ति उँटको मुखमा जिरासरह हुने गरेको थियो । हिउँदमा नेपालका जलाशय, जलाधार तथा हिम नदीहरुको बहाव तथा जलस्तर घट्न गएकाले विद्युत् उत्पादन पनि घटेको र भारतबाट आयात गरिने विद्युत् पनि प्रसारण लाइन बन्न नसकेकाले ल्याउन नसकिएको भन्दै विद्युत् कटौती भएको सूचना हरेक हप्ता परिवर्तित हुँदै आउने गरेको सबैको स्मृतिपटमा ताजै छ । विद्युत् प्राधिकरणले जे भन्छ सही नै भन्छ भनेर विश्वासमा मौनता साधेर बसिरहेका जनता अहिले लोडसेडिङ हुनुको कारण भौतिकभन्दा पनि आर्थिक स्वार्थसँग जोडिएको यथार्थ थाहा पाएपछि स्तब्ध भए । आफ्नो विश्वास गर्ने प्रवृत्तिमा पुनरावलोकन गर्नुपर्ने अनुभूति गरे । विद्युत् प्राधिकरणका उपल्ला तहका कर्मचारीदेखि सञ्चालक समितिका पदाधिकारीहरु समेतको मिलेमतोमा भइरहेको चलखेलको रहस्य उजागर हुँदा वस्तुतः देश नै दुःखी बन्यो ।

हुन त, लोडसेडिङ विद्युत् चुहावट, कर्मचारीको मौनता, जलाधारमा पैदा भएको न्यूनता, विद्युत् खपत गर्ने प्रवृत्ति, विद्युत् टर्बाइन बिग्रनु र बन्न समय लाग्नु, नयाँ आयोजना पूरा नहुनु, भारतबाट आयात गरिने भनिएको विद्युत् प्रसारण लाइन बन्न नसक्नु र बनेका प्रसारण लाइन पर्याप्त नुहुनु र मर्मत नहुनु आदि थुप्रै कारण हुन सक्तछन् । तर, त्योभन्दा पनि मुख्य कारण विद्युत् क्षमता सञ्चित गर्ने खास व्यक्ति र समूहलाई प्रदान गर्ने अनि जनमानसमा विद्युत् भार ज्यादा भएको भन्दै १८ घन्टासम्म लोडसेडिङ गराई इन्भर्टर र सोलार राख्न बाध्य तुल्याई इन्भर्टर, जेनेरेटर र सोलार उत्पादक कम्पनीबाट कमिसन खाइरहनु रहेको देखिएको छ । आफ्नो आर्थिक लाभका निम्ति सर्वसाधारण जनतादेखि उद्योगी व्यवसायी लगायत सारालाई लुट्ने योजना गैरजिम्मेवारपूर्ण छ । यो तथ्य बाहिर आइसक्दा पनि सरकारले पूर्वसञ्चालक समिति र त्यसबेलाका मुख्य कर्मचारीहरुलाई कुनै कारबाही गर्न सकेको छैन । लोडसेडिङमुक्त गर्ने अभियानमा असहयोग गरेको भन्दै सरकारले तीन जना सञ्चालक समितिका सदस्यहरुलाई बर्खास्त गरेको छ । उनीहरुले सर्वोच्च अदालतमा मुद्दा दायर गरे पनि उनीहरुको हार भएको छ । तर, उनीहरुबाट देश तथा जनताको आर्थिक, भौतिक तथा मनोवैज्ञानिक रुपमा पुऱ्याएको क्षतिको पूर्ति भराइएको छैन । यसमा मुख्य, सहायक र गौण भूमिका खेल्ने समितिका पदाधिकारी तथा कर्मचारीले पनि उन्मुक्ति पाउनु हुँदैन । तर, सरकारले यस विषयमा गहिरिएर सोचेको देखिँदैन ।

पुष्पकमल दाहाल प्रचण्डको मन्त्रिमण्डलमा विद्युत् आपूर्ति मन्त्री बनेका जनार्दन शर्मा प्रभाकरले विद्युत् प्राधिकरणको सिओका रुपमा कुलबहादुर लामालाई ल्याएपछि उनकै अनुभव र कार्यदक्षता तथा मन्त्री प्रभाकरको स्पष्ट अडानकै कारण विद्युत् आपूर्ति समस्या समाधान हुने सङ्केत देखिएको छ । लोडसेडिङ अन्त्य गर्ने अभियानमा साथ नदिने र सहयोग नगर्ने समिति तथा कर्मचारीहरुका बारेमा अनुसन्धान भइरहेको मन्त्री शर्माको दाबी छ । सम्भवतः यसैअनुरुप नै अहिले देशव्यापी रुपमा हुकमार्फत विद्युत् चोरी गर्नेहरुलाई पक्राउ गर्ने र कार्बाही गर्ने कार्य भइरहेको देखिएको छ । पौष २२ गते कावासोती केन्द्रबाट खटिगएको टोलीले विभिन्न क्षेत्रबाट ८२ जनालाई पक्राउ गरी कार्बाही अघि बढाएको पनि थियो ।

हुन त, एमाले नेता गोकर्ण विष्टले यस क्षेत्रको सुधारमा पर्याप्त प्रयत्न गरे र आंशिक सुधार हासिल गरेका थिए । तर, यसपछि भएका मन्त्रीहरुले यसमा त्यति दबाब सृजना गर्न सकेनन् । फलतः यस क्षेत्रको सुधार हुन सकेको थिएन । केपी ओली प्रधानमन्त्री भएपछि उनको मन्त्रिमण्डलले निकै प्रयत्न गऱ्यो । मुजफ्फरपुर-ढल्केबर प्रसारण लाइनबाट विद्युत आयात गर्ने पहल गऱ्यो । ओलीले एक वर्षभित्रै लोडसेडिङ मुक्त गर्ने उदघोष गरे र शौर्य ऊर्जा, वायुऊर्जा तथा हाइड्रो ऊर्जा उत्पादन तथा प्रयोग गर्ने अभियान चलाए । धेरै हाइड्रो पावरहरु निर्माण सम्पन्नताको चरणमा पुगेका थिए भने भारतबाट ल्याइने विद्युत्को प्रसारण लाइन झन्डै निर्माण सम्पन्नताको चरणमा पुगेको थियो । यसरी उनको मन्त्रिमण्डलले आंशिक सफलता प्राप्त गर्दै गएको थियो, तर उनको सरकारको यात्रा बीचैमा पूर्णविराम लाग्यो ।

यसै पृष्ठभूमिमा बनेको प्रचण्ड नेतृत्वका मन्त्री जनार्दन शर्मामा रहेको दृढता, साहस र अडान तथा देशभक्त सिओका रुपमा लामाको आगमनले यस क्षेत्रमा क्रमशः सफलता हासिल हुँदै जाने शुभ सङ्केत देखिएको छ । बक्यौता नतिर्ने व्यक्ति तथा संस्थाहरुमाथि थालिएको कारबाही सराहनीय छ । यस्तै, विभिन्न मन्त्रालय र अन्य सरकारी अड्डाहरुबाट समेत बक्यौता उठाउन आवश्यक कदम चाल्नैपर्छ । हुक हालेर चोर्ने, मिटरबाटै चोरी गर्ने कार्यलाई समेत निरूत्साहित गरी त्यसबाट बच्न आएको विद्युत् उद्योग व्यवसाय तथा औद्योगिक क्षेत्रमा आपूर्ति गर्न सके उत्पादित सामग्रीको लागत घट्न गई सामग्री सस्तो र सुलभ दरभाउमा प्राप्त हुनसक्तछ ।

प्लटिङ व्यवसाय, आवश्यकता र औचित्यका आधारमा नभई प्लटिङ व्यवसाय गर्ने, सोर्सफोर्स र आर्थिक चलखेलका आधारमा लाइन तानिदिने, त्यस्तालाई मात्र मिटर दिने तर अरुलाई आएपछि दिउँला भन्दै कुराएर राख्ने, विद्युत् जडान गर्दा खाजानास्ता भन्दै अतिरिक्त रकम असुल्ने प्रवृत्तिले विद्युत् क्षेत्र कम बदनाम छैन । यसमा शुद्धिकरण हुनु जरूरी छ । त्यस्तै, ट्रान्समिटर खरिदमा समेत करोडौं रकम भ्रष्टाचार गरिएको तथ्य सार्वजनिक नभएका होइनन् । विगतमा प्रधानमन्त्रीदेखि अन्य मन्त्री गणलाई समेत अत्यन्त महँगो सवारीसाधन उपहारमा दिने प्रचलन रहेकोमा यस्तो कार्य तत्काल बन्द हुनुपर्छ । महँगो गाडी उपहारमा दिई सरकारको आँखा, मुख र मस्तिष्कमा क्यान्सर सल्काएर मनमौजी काम गर्ने प्रवृत्तिकै कारण प्राधिकरण थला परेको हुँदा यस्तो प्रवृत्तिको पुनरावृत्ति हुनुहुन्न । यसो गर्न सके हाइड्रो पावर उत्पादनका निम्ति स्वयं प्राधिकरण सक्षम हुने निश्चित छ । अपुग रकम तथा नयाँ-नयाँ विद्युत् ऊर्जा उत्पादनका निम्ति जनतालाई लगानी गर्ने वातावरण निर्माण गर्नु आवश्यक छ । केही वर्षअघि उपर तामा कोशीका निम्ति शेयर खरिद गर्नेहरुको भीड र उठेको रकम हेर्दा सरकारले विदेशी लगानीकर्ता खोजिहिँड्नु पर्ने अवस्था रहेको छैन ।

हामीकहाँ हाइड्रो पावरका अतिरिक्त अन्य ऊर्जाहरुको पनि पर्याप्त सम्भावनाहरु विद्यमान छन् । तिनको विकासमा समेत ध्यान दिनु आवश्यक छ । वनपैदावर जोगाउन, एलपी ग्यासको आयातमा न्यूनीकरण गर्न, उद्योग, व्यापार व्यवसाय तथा औद्योगिक प्रतिष्ठान अभिवृद्धि गर्न, विद्युतीय रेल, मेट्रो रेल, सुरूङमार्ग सेवा विकास तथा सुचारू गर्न पनि यसकै अहम् भूमिका हुने भएकाले पनि ऊर्जा विकासमा सरकारले ध्यान पुऱ्याउनु अपरिहार्य छ । स्वदेशी लगानीबाट स्वदेशकै विकास सम्भव छ । यसका निम्ति भारत, चीनलगायतका मुलुकहरुको साझेदारी अहिलेलाई आवश्यक देखिन्न । आफ्नो देशलाई पर्याप्त भएपछि अन्य मुलुकहरुमा बिक्री गर्ने र विदेशी मुद्रा आर्जन गर्ने कुरा अन्यथा होइन । तर, आफ्नो देशको अस्मिता र स्वाभिमानलाई नै दाउमा राखेर हाइड्रो पावरकै निम्ति लगानी भित्र्याउने सरकारी चाहना उपयुक्त देखिन्न । राष्ट्रिय गौरवका यस्ता आयोजनाहरु हामी आफैंले निर्माण गर्न सक्छौं । यसका निम्ति सरकारले जनस्तरमा आह्वान् गर्नु आवश्यक छ । यसका निमित्त विश्वभरि छरिएर रहेका नेपाली मूलका नागरिक तथा वैदेशिक रोजगारीमा गएका तथा नेपालमै विभिन्न पेसा, व्यवसाय गरिरहेका सम्पूर्ण नागरिकको साथ र सहयोग रहने छ ।

आज ऊर्जा सङ्कट नेपाललाई मात्र छैन, भारत, चाइना, बंगलादेश सारालाई छ । उनीहरुले डिजेल प्लान्टबाट पनि ऊर्जा उत्पादन गरिरहेका छन् । त्यसमध्येको केही हिस्सा भारतले नेपाललाई बिक्री गरिरहेको छ । सधैं डिजेल प्लान्टबाट उत्पादन सम्भव छैन । यसैले, उसले हाइड्रो ऊर्जा उत्पादन गर्ने सम्भाव्य क्षेत्र खोजिरहेको छ । हामी आफैंले उत्पादन गर्न सकेको खण्डमा लागत दरका हिसाबले सस्तो पर्न जाने हुँदा भारतले बिना हिच्किचाहट किन्छ । यो उसका निम्ति अनिवार्य आवश्यकता बन्दै गएको छ । यसर्थ, हामीले अहिल्यै बजार हेर्न थाल्यौं भने र उसलाई प्रस्ताव राख्यौं भने उसले किन्छु भन्दैन । किनकि, उसले यहाँको हाइड्रो पावर उत्पादनमा लगानी गर्दा किन्दा लाग्ने शुल्कभन्दा कैयौं गुणा सस्तो पर्न जान्छ र कोशी, गण्डक, टनकपुर आदि नदीहरुको जल बाँडफाँडमा एकलौटी गर्न पाएझैं त्यो हाइड्रो पावरको प्रशासनिक तथा आर्थिक बाग्डोर पनि आफैंले राख्न पाउँछ ।

यसर्थ, आफ्नो जलसम्पदाको उत्पादकत्व र उपभोगलाई सुनिश्चित गर्न यसमा सरकार चनाखो हुनुपर्छ र स्वदेशी नागरिकहरुलाई नै लगानी गर्ने अवसर प्रदान गर्नुपर्दछ । आफ्नो लगानीबाट उत्पादित विद्युत् उपभोग र सदुपयोग गर्न पनि स्वयं जनता अग्रसर हुनेछन् । निर्माणमा पनि स्वयं क्रियाशील हुनेछन् र दक्ष, अर्द्धदक्ष तथा अदक्ष बेरोजगारी समस्या पनि क्रमशः समाधान हुँदै जाने छ । यसर्थ, माटोको माया भएका हरेक नागरिक तथा नेतृत्वले हाइड्रो पावरलाई समृद्धिका निम्ति प्रथम द्वार सम्झेर स्वदेशी लगानी स्वदेशको समृद्धि भन्ने नारा सार्थक तुल्याउनुपर्छ ।

# हेडमास्टर, कर्मचारी, नेता र व्यापारीको महासंघ नबनोस्



**प्रकाश बराल**

नेपाल पत्रकार महासंघको महाधिवेशनबाट तीन बर्षअघि निर्वाचित अध्यक्ष डा. महेन्द्र बिष्टले बिजयको माला पहिरिना साथ सदस्यता शुद्धिकरणको नारा लगाए । उनले ठेकेदार, राजनीति कार्यकर्ता र कर्मचारीहरुको सदस्यता नविकरण नगर्ने घोषणा पनि गरे । महाधिवेसनमा उनको प्रतिवद्धता नम्बर ४ मा मिडियाको प्रवर्द्धनका लागि राष्ट्रिय मिडिया आयोग र पत्रकारको दक्षता अभिवृद्धिका लागि आम संचार प्रतिष्ठान स्थापना गर्ने उल्लेख छ । साथै सरकारी स्वामित्तवका संचार संस्थाको पुनर्संरचना गरी प्रतिस्पर्धी, सक्षम र सबल बनाउन पहल गर्ने भनिएको छ ।

अझै बुँधा नंम्बर २ मा सबै वास्तविक सदस्यले नीतिगत निर्णय, नेतृत्व चयन र निर्णय प्रकृयामा सहभागि हुने अवसर सिर्जना गर्ने समेत लेखिएको थियो । उनको कार्यकाल सकियो, नयाँ अधिवेसनको शुरुवात भैसक्यो, तर त्यो घोषणा र आग्रह भाषणमै सिमित भयो । वास्तविक सदस्य भनेको को हुन् ? त्यो अझै स्पष्ट भएन वा पत्रकारले बुझ्न नसकिएको हो ? थाहा भएन । सदस्यता प्राप्ती र नविकरणमा क्रियाशिलले भन्दा पहिला ठेकेदारहरु लेनै स्थान जमाइसकेका छन् । कतै उनीहरुनै वास्तविक पत्रकार त होइनन् ?

दिनदिनै समाचारका लागि कुद्ने क्रियाशिल र त्यसमा पनि मोफसलका पत्रकार अझै न्युनतम पारिश्रमिकको आस र लडाईमा लुटुपुटिइरहेका छन् । अझै उनीहरुले आँफू वास्तविक पत्रकार हुँ की होइन भनेर ठम्याउन सकेका छैनन् । केही रुपैयाँ लगानी गरेको भरमा ठेकेदारहरुले पत्रकारलाइ अलमल्याएका छन् । उनीहरुनै पत्रकार महासंघको सदस्य बनिरहेका छन् । क्रियाशिल र समाचार लेख्ने पत्रकारले भन्दा पहिलेनै नविकरण गरेर उनीहरुनै महाधिवेसनमा कब्जा जमाउने तयारीमा छन् । बिदेशमा रोजगारीका लागि गएको १० बर्ष पुगेपनि, राजनीतिक दलको जिल्ला अध्यक्ष र केन्द्रीय सदस्य भएपनि वा करोडपति व्यापारी भएपनि महासंघको सदस्यता नछाड्ने प्रवृत्ति जस्ताको त्यस्तै रहेको छ । उनीहरुलाइ हटाउन डाक्टर सावको केन्द्रीय समितिले पनि सकेन । केन्द्रीय समितिको बैठकमा पुगेको एजेण्डा फिर्ता भयो । शिक्षक, कर्मचारी, ठेकेदार, व्यपारी र राजनीतिक दलका कार्यकर्तालाइ कम्तिमा उमेदवार बन्न नदिने निर्णय लिन पनि नसकेको केन्द्रीय समितिले सदस्यता शुद्धिकरण अभियान ल्याउँछ भन्ने आशा नगरे भयो ।

दशक अघिसम्म नाम टिपाइ दिएको भरमा सदस्यता दिने चलन थियो । त्यस्तै आधारमा पाएको सदस्यतालाइ बर्षको ५ सय रुपैयाँ तिरेपछि नविकरण हुने भएपछि जसले पनि महासंघको सदस्य भएको गर्व गर्न खोज्ने प्रवृत्ति मौलाएको छ । कम्तिमा सदस्यता पाउन के कति समाचार लेखेको हुनुपर्ने ? नविकरणका लागि उसले आफ्नो पेशा बनाएको हुनुपर्ने की नपर्ने ? बार्षिक समाचार वा लेख रचना प्रकाशित गर्नुपर्ने की नपर्ने ? जस्ता प्रश्न अहिले तेर्सीएका छन् ।

बारको सदस्यता पाउन कम्तिमा कानून बिषय अध्ययन गरेको, बार काउन्सिलको परिक्षा पास गरेको हुनुपर्छ । सामान्य विद्यालयको नीजि श्रोतको शिक्षक बन्न समेत बिभागको लाइसेन्स पाउनुपर्छ । तर पत्रकार बन्न के हुनुपर्छ त्यसको कुनै योजना र प्रावधान छैन । अर्काले लेखिदिएको समाचारमा वाइलाइन थपेर सदस्यता माग गर्ने प्रवृत्ति मौलाइरहेको समयमा शुद्धिकरण चुनौतीको बिषय पनि हो । तर कम्तिमा यो काममा निर्दयी भएर हात हाल्नै पर्ने थियो । नत्र भोलीका दिनमा नेपाल उद्योग बाणिज्य महासंघ र निर्माण व्यवसायीको निर्वाचन हारेको झोंकमा कुनै ठेकेदार आएर पत्रकार महासंघको अध्यक्ष नबनोस् । राजनीतिक दलको गुटबन्दीमा परेको व्यक्तिले महासंघको नेतृत्व हाक्ने अवस्था आयो भने त्यसको परिणम के होला ?

राज्यको चौथो अंगको रुपमा पत्रकारिता क्षेत्रलाई परिभाषित गरिएको छ । पहिलो, दोश्रो र तेस्रो अंगको रुपमा कार्यपालिका, न्याय पालिका र व्यवस्थापिका छन् । ती क्षेत्रमा राजनीतिक, व्यपारी, र अन्य क्षेत्रबाट जान पाइन्छ । राजनीति जति गरेपनि हुन्छ । जे भाषण गरेपनि हुन्छ । तर पत्रकारिता क्षेत्र भनेको जनतालाइ सूचना दिन्छु भनेर लागेको क्षेत्र हो । पत्रकारिता गर्दा कुनै राजनीतिकको आँखाले हेरियो वा लेखियो भने त्यसले जनतालाइ दिग्भ्रमित बनाइदिन्छ । कुनै आग्रहले काम गरेको खण्डमा आम पाठक, श्रोता वा दर्शकले सही सूचना पाउन सक्दैनन् । पत्रकारिता भनेको देशमा भएको विकृति र विसंगतिको विरुद्ध लड्ने वा बिचार बनाउने क्षेत्र पनि हो । पछिल्लो समय देशमा राजनीतिकै आडमा अपराधिकरण बढेको छ । अपराधिकरणके आडमा राजनीति पनि भैरहेको छ । त्यसो भन्दैमा सबै राजनीतिमा अपराध र सबै अपराधमा राजनीति छ भन्ने खोजिएको होइन ।

तर धमिलिएको राजनीतिलाइ सही मार्गमा डोहोऱ्याउने, भ्रष्ट्राचारलाइ निर्मूल पार्ने, विकृति र बिसंगतिलाइ भण्डाफोर गर्ने काम पत्रकारिताले गर्नेहो । अहिले पत्रकार महासंघको सदस्यता लिएका मध्ये दुइ तिहाई व्यपारी, शिक्षक, कर्मचारी र राजनीतिक दलका कार्यकर्ता मात्र छन् । अझ केन्द्रीय पार्षद भएर जानेहरुमा एकदुइजना बाहेक सबै पत्रकारिता भन्दा बाहिरका पर्छन् ।

बर्षभरी जिल्लामा हुने पत्रकार सम्मेलनमा बढीमा १० जना पत्रकार जुटाउन मुस्किल पर्छ । क्रियाशिल पत्रकारलाइ दैनिक ४ देखि ५ वटा कार्यक्रममा दौडने, त्यसकै समाचार लेख्ने र अन्य खोजीपत्रकारिताको अभ्यास गर्दा फुर्सदले खान पनि नपाएका धेरै उदाहरण छन् । त्यस्तै पत्रकारले महिना बितेपछि घरभाडा तिर्न सकेका छैनन् । समयमा तलब नपाउने, न्युनतम पारिश्रमिक नपाउने र विसंगती विरुद्ध समाचार लेख्दा धम्की खाएका उदाहरण उस्तै छन् । पंक्तिकारले समेत केही विक्रितीको बारेमा समाचार लेख्दा हाल पत्रकार महासंघको सदस्यता लिएकै व्यक्तिले समेत धम्की दिएका छन् । त्यसको उजुरी कता गएर हुने हो ? त्यस्ता पिडित पत्रकारले कसलाइ उजुरी गरेर न्याय पाउने हो ? २०४६ साल अघिको पत्रकारिताको अवस्था कस्तो थियो ? त्यतिबेला एकादुइले पत्रकारिता गरेका थिए । माघ १९ पछिको चारबर्षको अवस्था र सशष्त्र जनयुद्ध ताकाको पत्रकारिता कस्तो थियो ?

पत्रकार भएकै कारण र समाचार लेखेकै कारण पाएको धम्की र यातना तथा पिडालाइ सम्झंदा पनि पुग्छ । त्यो अवस्थामा हातमा गन्ने मानिस मात्र पत्रकारितामा सक्रिय थिए । त्यो अवस्था पार गरेर आएकाहरु लाइ सम्मान गर्नै पर्छ । तर सहज अवस्थामा सबै अवसर खोज्ने र पत्रकार महासंघको सदस्यता लिएको आधारमा सरकारी कर्मचारीलाइ धम्क्याउने तथा नाजायज रकम असुल गर्ने र अन्य फाइदा खोज्ने अवसर पाएर पत्रकारितामा लागेको पनि पाइएको छ । अवका दिनमा पत्रकार महासंघको नेतृत्वमा जानेले यस्ता सबै समस्याको समाधान गर्नुपर्छ । केन्द्रीय सचारमाध्यमले अहिले पनि मोफसललाइ पत्रकारको रुपमा हेर्न नसकेको कारण पनि यही हो । मोफसलका पत्रकार भनेपछि मेहेनत नगर्ने र सदस्यता पाएको भरमा धम्क्याउन पाइने प्रवृत्तिाइ अंगाल्ने व्यक्तिहुन् भन्ने सोचेका छन् । हुनपनि यस्तै हो भने अवको अधिवेसनमा कुनै विद्यालयको हेडमास्टर, ठेकेदार वा व्यपारी पत्रकार महासंघको अध्यक्ष वा पदाधिकारी नहोला भन्न सकिंदैन ।

तसर्थ अव आउने महासंघको जिल्ला र केन्द्रीय महाधिवेसनलाइ साँच्चैको पत्रकारिता क्षेत्रको कोषेढुंगा बनाउने हो भने अझै पनि शुद्धिकरणमा हिम्मतका साथ हात हाल्न जरुरी छ । पत्रकार सम्मेलन गर्दा १० जना जुटाउन नसकिने जिल्लाको सदस्य संख्या डेढसय देखि २ सय जना छ भन्दा बास्तविक पत्रकारलाइ लाज लाग्ने अवस्था छ । त्यस्तै अन्य क्षेत्रले खिसीट्युरी गर्ने अवस्था समेत बनेको छ । त्यस प्रति महासंघको नेतृत्वको ध्यान जानु जरुरी छ । बरु थोरै पत्रकार भएपनि गुणस्तरीय सेवा दिने, सबै कामदार र पत्रकारलाइ न्युनतम पारिश्रमिक दिने र समाज बिकासको अभियानमा साथ दिने पत्रकारिता चाहिएको छ । मिसन पत्रकारिता र राजनीतिक मुखपत्रका लागि मात्र संचारमाध्यम खोल्ने प्रवृत्तिलाइ पनि निरुत्साहित गर्न महासंघकै अगुवाइ आवश्यक छ । समानुपातिक विज्ञापन नीतिलाइ पनि पूर्ण कार्यान्वनय र प्रभावकारी बनाउन व्यवसायिक पत्रकारिता र पत्रकार शुद्धिकरण अनिवार्य छ ।

# मिस तामाङ पोखराको उपाधि दीप्तिलाई

✍गोल्डेन न्यूज संवाददाता
पोखरा १० माघ ।

मिस तामाङ्ग पोखरा २०१७ को उपाधि सिम्पानी पोखराकी दीप्ति गोम्जा तामाङ्गले जितेकी छिन । प्रतियोगिताका प्रमुख निर्णायक नेपाल तामाङ्ग घेदुङ्ग प्रदेश नम्बर ४ का अध्यक्ष दिपक वाइवा तामाङ्गले 'तामाङ्ग समुदाय समृद्ध समुदायका रुपमा चिनिन्छ । परिभाषित गर्नुहोस ?' भन्ने साझा प्रश्नको उत्कृष्ट जवाफ दिंदै यस वर्षको मिस तामाङ्ग पोखराको ताज जित्न सफल भएकी हुन । उनले मिस ट्यालेण्टको सवटाइटल पनि प्राप्त गरिन् । २८५३ औं सोनाम ल्होछारको अवसरमा बैदाम तामाङ्ग सेवा समाजले आयोजना प्रतियोगितामा लेखनाथकी सीता तामाङ्ग मिस ब्युटिफुल विथ परपोजको सवटाइटल संगै फस्ट रनरअप तथा मालेपाटनका अरुणा लामा मिस कन्फिडेण्टको सवटाइटल संगै सेकेण्ड रनरअप बनिन ।

यसैगरी पब्लिक च्वाइस अवार्ड लेखनाथकी मञ्जु तामाङ्गले बाजी मारिन । विजेता उपविजेता तथा पब्लिक च्वाइसले क्रमश एन आइ सि एशिया बैंकको तर्फबाट नगद



२५ हजार, १५ हजार , १० हजार तथा ७ हजार ५ सय रुपैयाँ प्राप्त गरे । विजेताहरुलाई एनआइसी एशियाका क्षेत्रीय प्रबन्धक दिपेन्द्र शर्माले चेक हस्तान्तरण गरेका थिए । बिजेता तथा उप-विजेताहरुले फेशन डिजाइनिङ्ग तथा मण्टेश्वरी तालिमका छात्रबृत्ति समेत प्राप्त गरेका छन् ।

प्रतियोगितामा सिम्पानीकी रीमा तामाङ्गले मिस ब्युटिफुल, लेकसाइडकी सृष्टि लामा मिस बेस्ट पर्फमर, जीता लामा मिस बेस्ट स्माइल, न्यूरोडकी मालिका बाल्पा तामाङ्ग मिस बेस्ट स्किन, मालेपाटनकी संगीता तामाङ्ग मिस बेस्ट वक, भेडिफारामका प्रिया तामाङ्ग मिस फोटोजेनिक, जिरो किलोमिटरकी पुनम तामाङ्ग मिस फ्रेण्ड्ली, बगरकी जगनकुमारी तामाङ्ग मिस कल्चर तथा लेकसाइडकी अञ्जली लामाले मिस बेस्ट पर्सनालिटीको सवटाइटल जितिन ।

कार्यक्रममा नेपाल तामाङ्ग घेदुङ्ग प्रदेश नम्बर ४ का अध्यक्ष दिपक वाइवा तामाङ्ग, नेपाल तामाङ्ग घेदुङ्ग कास्कीका पुर्व सहसचिब मिनमाया तामाङ्ग, गीतकार तीर्थ तामाङ्ग, माछापुच्छ्रे एफ एमका स्टेशन म्यानेजर कञ्चन थापा र फेशन फेडरेशन नेपालका अध्यक्ष नविन लुइटेल निर्णायक रहेका थिए । उक्त अवसरमा सानो बाबु सानो परि प्रतियोगितामा उपविजेता बन्न सफल सिसा तामाङ्ग, माहिर तामाङ्ग र आकृति लामा रुम्बालाई सम्मान गरिएको थियो । ग्याजर्दी लेकसाइडमा निर्माणाधिन रेञ्छिन तेरजोट तामाङ्ग शान्ती गुम्बाको निर्माण सहयोगार्थ आयोजित चौथो ल्होछार म्युजिकल फेस्टिवल तथा दोस्रो मिस तामाङ्ग कार्यक्रममा गायक चन्द्रकुमार दोङ्ग तथा गायिका शशिकला मोक्तानले गीत गाएका थिए । एस के डान्स स्कुल तथा मिरुवा समाजका कलाकारहरुले तामाङ्ग साँस्कृतिक नृत्य प्रस्तुत गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथी नेपाल तामाङ्ग घेदुङ्गका पुर्व केन्द्रिय अध्यक्ष धनप्रसाद तामाङ्ग, प्रमुख निर्णायक दिपक वाइवा तामाङ्ग, कार्यक्रम संयोजक जेसिका तामाङ्ग लगायतले बोलेका थिए । प्रतियोगिताको नृत्य निर्देशन राम लामा तथा कोरियोग्राफर सृष्टि सेञ्चुरीले गरेका थिए । बैदाम तामाङ्ग सेवा समाजका अध्यक्ष ज्याक तामाङ्गको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सञ्चारकर्मी सन्जय मल्ल, डोल्मा लामा, मुना स्याङ्गवो तामाङ्ग, सोनी योञ्जन, गीता लामाले गरेका थिए ।

# ल्वाङघलेलमा लेकसिटी लायन्सको शिविर

✍गोल्डेन न्यूज संवाददाता
पोखरा १० माघ ।

लायन्स क्लब अफ पोखरा लेक सिटीले ल्वाङघलेलमा एकदिने स्वास्थ्य शिविरसहित बिभिन्न कार्यक्रम सम्पन्न गरेको छ ।क्लवले ल्वाङघलेलमा बार्षिकरुपमा भिलेजएडप्ट कार्यक्रम सञ्चालन गर्दै आएको हो । बार्षिकरुपमा विभिन्न समाजिक क्षेत्रमा गरीने समाज सेवाका कार्यहरु यसै गाविसमा सञ्चालन गर्दै आएको छ । यसैक्रममा क्लवले स्वस्थ्या शिविर, अतिथ्यता ब्यवस्थापन सम्बन्धी तालिम र विद्यालय सहयोग कार्यक्रम सञ्चालन गरेका छ । क्लवको आयोजनामा एकदिने बृहत् स्वास्थ्य शिविर सम्पन्न भएको छ । शिविरमा पेट छाती, मुटु, हाड नशारोग, प्रसुति तथा स्त्रीरोग र दाँत तथा मुख सम्वन्धित रोग विशेषज्ञबाट सेवा प्रदान गरिएको थियो । स्वास्थ्य शिविरका लागि ओम अस्पताल र कान्तिपुर डेण्टल हस्पिटलले प्राविधिक सहयोग गरेका थिए । शिविरमा विभिन्न रोगका १०७ जना विरामीको नि:शुल्क उपचार र औषधि वितरण गरिएको थियो ।



शिविरमा डा. ओजन गौतम, डा. बिदुर आचार्य, डा. लिषा पुन, डा. हरि के. भण्डारी, डा. अनुषा श्रेष्ठ, डा. सन्दिपा काफ्ले, भोजराज गौतम लगायतले सेवा प्रदान गरेका थिए । शिविरमा रक्त परिक्षणका साथै आँखा जाँच र चस्मा वितरण समेत गरिएको क्लवका अध्यक्ष जगदिश गौतमले बताए ।

क्लवले स्थानीयलाई सक्षम् तथा स्वाबलम्वी बनाउने उदेश्यले सिटिइभिटी पोखराको प्राबिधिक सहयोगमा ल्वांङघलेमा होमस्टे संचालक र सरोकारवालालाई आतिथ्यता ब्यवस्थापन सम्बन्धी तालिम प्रदान गरेको छ ।

तालिममा २६ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा सिटिइभिटीका जीवन प्रसाद भण्डारीले प्रशिक्षण दिएका थिए । सिटिइभिटीका प्रमुख प्रशिक्षक हर्कलाल श्रेष्ठको समेत उपस्थिती रहेको थियो ।

त्यसैगरी क्लवले श्री बाराही आधारभूत माध्यामिक विद्यालयलाई एकथान कम्प्युटर समेत प्रदान गरेको छ । प्रमुख अतिथि दीपक श्रेष्ठ र स्कुल सपोर्ट कमिटीका चियरपर्सन उत्तममान बुद्धाचार्यले विद्यालयका प्रधानाध्यापक प्रकाशमान गुरुङलाई संयुक्त रुपमा हस्तान्तरण गरेका थिए ।

कार्यक्रमको प्रमुख अतिथिका रुपमा लायन्स क्लव अन्तर्राष्ट्रिय ३२५ नेपालका पूर्व मल्टिपल चियर पर्सन दिपक श्रेष्ठ, डिष्ट्रिक्ट पब्लिक रिलेशन अफिसर तीर्थ बहादुर बस्नेत, रिजन २४ का रिजन चियर पर्सन हरिशचन्द्र रञ्जित लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

कार्यक्रमको अध्यक्षता क्लवका अध्यक्ष जगदिश गौतमले गरेका थिए ।

# पोखराको जंगलभित्र फरक स्वादको 'फेशन शो'

पोखरा १० माघ ।

पछिल्लो समय पोखराको मोडलिङ क्षेत्र निकै कमजोर छ । अझै कुनै समय मोडलहरुको शहर भनेर चिनिने पोखरामा अहिले मोडलहरु पाउनै गाह्रो छ । खासगरि यो क्षेत्रमा देखिएको आर्थिक अभावका कारणले मोडलहरु पलायन भएको एकथरीले तर्क गर्छन् ।

पोखराको मोडलिङमा देखिएको यस्तो खाले खडेरी मेटाउनका लागि इभेन्ट कम्पनी 'परिचय नेपाल' लागिपरेको छ । पोखरालाई पुन: मोडलहरुको शहर भनेर चिनाउन उसले गृहकार्य थालेको छ । यसको पहिलो काम स्वरुप उसले फागुन १२ गतेदेखि आयोजना गर्न लागेको जंगल फेस्टिभलमा विशेष फेशन शो पनि समावेश गर्दैछ ।

'जंगल थिम'मा गरिने फेशन शो मा पोखराका चल्तीका मोडल र केहि नयाँ मोडलहरु समेत र्‍याम्पमा उत्रिँदैछन् ।

'हामीले मोडलिङ क्षेत्रमा व्यवसायिकताको विकास होस् भन्ने उद्देश्यसहित जंगल फेष्टिभलमा यस्तो प्रकृतिको फेशन शोलाई समावेश गरेका हौँ' आयोजक परिचय नेपालका अध्यक्ष शोभित बस्यालले भने-'र, दर्शकको लागि पनि यो फरक स्वाद हुनेछ ।'

जंगल भित्र हुने फेशन शोमा उत्रने हरेक मोडललाई पारिश्रमिक दिने व्यवस्था गरिएको आयोजकले बताएको छ । अघिल्ला दुई सँस्करणको जंगल फेस्टिभलमा पनि आयोजकले फेशन शो लाई विशेष स्थान दिएको थियो । र, साँझपख जंगलको माझमा हुने फेशन शोलाई दर्शकले पनि निकै राम्रो 'रेटिङ' दिएका थिए । यो पटक १० जना महिला मोडल र ३ जना पुरुष मोडलले जंगल फेस्टिभलमा र्‍याम्पमा उत्रेर माहौल गर्माउनेछन् । जंगल फेस्टिभलमा हुने फेशन शोको कोरियोग्राफिको जिम्मा कोरियोग्राफर सुरज थापामगरले पाएका छन् । यतिबेला १३ जना मोडललाई उनले विशेष प्रशिक्षण गरिररहेका छन् । जंगल फेष्टिभललाई दर्शकको रोजाई अनुसारको बनाउन आयोजकले यो पटक अझै नयाँ अनि फरक स्वादका कार्यक्रमहरु लाई समावेश गरेको छ । फेशन शो सँगै 'जंगल थिम'मा पाँच जना मोडलहरुलाई 'काल्पनिक पात्र' जस्तै चित्रन गरि जंगलमा राख्ने आयोजकले जनाएको छ ।

**सटर भाडामा**

पोखरा-८, न्यूरोडस्थित (पोखरा फाइनान्सको अगाडि) बि एण्ड बि. मार्केटभित्र कार्यालय, होलसेल पसल, व्युटिपार्लर तथा अन्य प्रयोजनका लागि अति उपयुक्त अति सस्तो भाडा दरका दुई वटा सटरहरु भाडामा छन् । ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८५६०२२०४४, ९८५६०२००२५
नोट : सटरमा डिपोजिट लिइनेछैन ।

**सार्वजानिक सूचना**

यस ले.न.पा वडा नं. ११, बस्ने नवराज ओझाकी श्रीमती सर्मिला ओझाको नाममा रहेको साविक शिशुवा ७ को कित्ता नं. १६१९, क्षेत्रफल ०-६-१-० को जग्गामा घर नक्सा पास गर्न लाग्नु भएकाले तपाइँ साँध सधियारा कोही कसैलाई बाधा अड्चन पर्ने भए आजका मितिले ७ दिन भित्रमा यस कार्यालयमा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

सम्पर्क : **लेखनाथ नगरपालिकाको कार्यालय**
लेखनाथ-७, तालचोक, कास्की, फोन : ०६१-५६०३८०

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
**योर्स ट्रेड कन्सर्न**
*एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

**सस्तोमा जहाज टिकट**

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

**हार्दिक समवेदना**



जन्म: वि.स.:२००१
स्वर्गारोहण: वि.स.:२०७३/१०/०३

स्व. जित बहादुर नेपाली

पोखरा विश्वविद्यालयमा कार्यरत हाम्रा सहकर्मी, प्रजातन्त्रवादी कर्मचारी संघका साधारण सदस्य टेकवहादुर नेपालीका पुजनीय पिता **जितबहादुर नेपाली**को निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध भएका छौं। उहाँको निधन भएकोयस दु:खद् घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं।

तेज नारायण पराजुली
अध्यक्ष एवं
पोखरा विश्वविद्यालय प्रजातन्त्रवादी कर्मचारी संघ परिवार

**विदेश जानेहरुका लागि सुवर्ण अवसर**

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरु :- **तयारी कक्षा धमाधम चलिरहेको छ ।**
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल स्टार रवि संगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

**अनेक समस्या सफल उपचार**

**ग्याष्ट्रिक**: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
**यौन समस्या:-** सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
हामीकहाँ पियार एलोभेरा जुस पाइन्छ ।
**महिला सम्वन्धि समस्या**
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
**जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने**
**सुन्दरता**:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
**दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।**
**थप उपचार**:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाई ठिक पार्ने मसाज तेल ।
**माछापुच्छ्रे हर्बो ट्रेड**
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, मो. ९८४६१३७४१८
फ्रि होम डेलिभरि

**खुशीको खबर !**



के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

**हार्दिक समवेदना**



जन्म: वि.स.:२००१
स्वर्गारोहण: वि.स.:२०७३/१०/०३

स्व. जित बहादुर नेपाली

पोखरा विश्वविद्यालयमा कार्यरत हाम्रा सहकर्मी, पोखरा विश्वविद्यालय कर्मचारी संघका कार्यसमिति सदस्य टेकवहादुर नेपालीका पुजनीय पिता **जितबहादुर नेपाली**को निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध भएका छौं। उहाँको निधन भएकोयस दु:खद् घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं।

शिवराज पण्डित
अध्यक्ष एवं
पोखरा विश्वविद्यालय कर्मचारी संघ परिवार

**सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर**

Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रियस्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अंग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।

हाम्रो विशेषताहरु :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।

सम्पर्क
**आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि**
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

**पोखरामा पहिलो पटक**

➲ यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
☞ स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
☞ केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
☞ Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
☞ उचाई बढाउन Step Up, Triple Height
☞ तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
☞ थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
☞ ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।
साथै डि.भी. तथा पत्रपत्रिकामा विज्ञापनमा देखाइने सम्पूर्ण सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ।
❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
**पोखरा हर्वल होम्स**
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

# विभागीय टीम आर्मी अन्तिम चारमा


तस्वीर : पोखरा न्यूज डटकम

हरि पन्त/गोल्डेन
पोखरा १० माघ ।

रमपम झापा-११ लाई २-० गोलले पराजित गर्दै डिफेण्डिङ उप-विजेता विभागीय टोली त्रिभुवन आर्मी पोखरामा जारी आहारारा गोल्डकपको अन्तिम चारमा प्रवेश गरेको छ । सहाराको आहारारा गोल्डकपमा ११ पटक सहभागी आर्मी यसअघि ३ पटक फाइनलमा र ५ पटक सेमि फाइनलमा पुगिसकेको टीम हो । आर्मी २०६५, २०६६ र २०७२ मा फाइनलमा पुगेर नेपाल पुलिस र मनाङसंग पराजित भएको थियो । आर्मीलाई चौथो पटक फाइनमा पुग्नका लागि माघ १२ गते आयोजक सहारा क्लवलाई जित्नुपर्ने चुनौती छ ।

आर्मीलाई छैटौं पटक सेमिफाइनल पुऱ्याउन राष्ट्रिय टीमका समेत स्ट्राइकर नवयुग र कप्तान समेत रहेका भरत खवासले समान १/१ गोलको योगदान दिए । म्यान अफ दी म्याच नवयुगले खेलको ३९औं मिनेटमा गोल गरी टीमलाई १-० को अग्रता दिलाए ।

झापाका गोलरक्षक किशोर गिरी विट हुन पुगि पेनाल्टी एरिया नजिक आएको अवस्थामा नवयुगले करिब १५ यार्डबाट प्रहार गरेको बलले सिधै जाली चुमेको थियो । खेलको ७०औं मिनेटमा कप्तान भरत खवासले एक गोल गरी आफ्नो टीमलाई २-० अग्रता दिलाए । भरतले झापाका दुई डिफेन्डरलाई छक्याउँदै करिब २५ यार्डबाट प्रहार गरेको बल गोलपोष्टको फष्टवार हुँदै जाली चुमेको थियो । आर्मीले पाएका अन्य केहि अवसर सदुपयोग हुन सकेन भने झापाले पनि पाएका अवसरहरुलाइ सदुपयोग गर्न नसक्दा प्रतियोगिता बाटै बाहिरिनुपऱ्यो ।

प्रतियोगितामा चौथोपटक सहभागी झापा गतबर्ष फेमिफाइनलमा मनाङसंग ४-० ले पराजित भएको थियो । सोमबारको खेलमा झापाको मिडफिल्ड र रन उत्कृष्ट भएपनि फिनिसिङ राम्रो गर्न नसक्दा पराजित भयो ।

झापाको खेलको ५७औं मिनेटमा कम व्याक हुने अवसर पाएपनि सदुपयोग हुन सकेन । रन्जित श्रेष्ठको फ्रिकिक प्रहारलाई देवेन्द्र तामाङले पुनः प्रहार गर्न गोलपोष्टको फष्टवार नजिक पुग्दा आर्मीका गोलरक्षक विकास कुथुले मुस्किलले बचाउ गरे । झापाकै देवेन्द्र तामाङ, कप्तान नरेन्द्र मनि लिम्वु, कर्ण सुव्वा, बुद्ध चेम्जोङका राम्रा अवसर सदुपयोग हुन सकेन ।

यता, खेलको १३औं मिनेटमा आर्मीका सन्तोष तामाङल पेनाल्टी एरिया नजिकबाट प्रहार गरेको वल क्रसमा लागेर रिवाउण्ड भइ बाहिरिएको थियो भने ३५औं मिनेटमा दीप कुमार लामाले १० यार्डबाट प्रहार गरेको वल फष्टवार माथिबाट बाहिरिएको थियो । खेलको ३९औं मिनेटमा नवयुगले मिलाइदिएको क्रस पासलाइ दिपक कुमार लामाले सदुपयोग गर्न सकेनन । लामाले पेनाल्टी एरिया नजिकैबाट प्रहार गरेको वल पोष्ट माथिबाट बाहिरिएको थियो । खेलको ४० मिनेटमा भरत खवासले पोष्टमा चार्ज गर्दा झापाका डिफेन्डर रवि थापा मगरले गोलाईन नजिकैबाट उत्कृष्ट बचाउ गरे ।

खेल समापन पछि प्रतिक्रिया दिंदै झापाका प्रशिक्षक सन्जय राइले आफूहरुले पाएका केही अवसर गोलमा परिणत हुन नसक्नु हारको कारण भएको बताए ।

आर्मीका प्रशिक्षक नविन न्यौपानेले पहिलो हाफमा धेरै अवसर गुमेपनि दोश्रो हाफमा झापाको मनोवल नै खस्कने गरी सुरुवातमै गोल गर्दा जित भएको बताए । झापाले अमेरिकाको एएनएलाई पराजित गरी र आर्मीले वाई पाएर सिधै क्वाटरफाइनल खेलेका थिए ।

यसैबीच यसवर्षको आहारारा गोल्डकपमा पूर्व घोषित बंगलादेशी टीम नआउने भएको छ । आयोजक सहारा क्लवका अनुसार पूर्वनिधारित पाराजगज स्पोटिङ्ग क्लब प्राविधिक कारणबस नआएको हो ।

उक्त क्लवको सट्टा बंगलादेश बाटै अर्को क्लब आएको छ । मंगलवार हुने अन्तिम क्वाटर फाईनलमा नारायणगज एफसी बंगलादेश मैदानमा उत्रने आयोजक सहारा क्लवले एक विज्ञप्ति जारी गरि जानकारी दिएको छ । मंगलवार उक्त बंगलादेशी क्लब र संकटा क्लब बीच सेमिफाईनल प्रवेशका लागि प्रतिस्पर्धा हुनेछ । विजयी टीमले फाइनल प्रवेशका लागि मनाङको सामना गर्नेछ ।

१५औं आहा! रारा गोल्डकप फुटबल प्रतियोगिता २०७३

**आजको खेल**

**सिएमजी संकटा क्लव**
Vs
**नारायणगज एफसी बंगलादेश**

RARA
रारा तैयारी चाउचाउ

# सहाराको अक्षयकोषका लागि सहयोग



गोल्डेन न्यूज संवाददाता
पोखरा १० माघ ।

सहारा क्लवद्वारा पोखरा-१७ दोभिल्लामा संचालित सहारा एकेडेमीको अक्षयकोषको लागि अष्ट्रेलिया र वेलायतबाट ८ लाख ७६ हजार सहयोग प्राप्त भएको छ । सोमबार क्लवमा आयोजित सहयोग हस्तान्तरण कार्यक्रममा सहारा क्लव, अष्ट्रेलियाका अध्यक्ष राजमान थकाली, सहारा युके तथा बुद्धिष्ट कम्युनिटी सेन्टर वेलायत बाट उक्त रकम हस्तान्तरण भएको हो । सहारा युके तथा बुद्धिष्ट कम्युनिटी सेन्टर (बीसिसी) वेलायतबाट ५ लाख २५ हजार रुपैयाँको चेक सहारा युकेका अध्यक्ष मीन गुरुङ (साईला) ले क्लवका अध्यक्ष वीरभद्र आचार्यलाई हस्तान्तरण गरेका हुन।

यसैगरी क्लवका अध्यक्ष आचार्यलाई नै सहारा क्लव, अष्ट्रेलियाका अध्यक्ष राजमान थकालीबाट सहारा एकेडेमीको अक्षयकोष स्थापनार्थ ३ लाख ५१ हजारको चेक हस्तान्तरण गरेका हुन । त्यस्तै दोश्रो पुरस्कारको राशि २ लाख ५१ हजार थकालीले सोमबार नै क्लवलाई हस्तान्तरण गरेका हुन ।

सहारा एफ.सी.का अध्यक्ष एवं बीसिसी युकेका कोषाध्यक्ष कुसाङ गुरुङले ५ लाख २५ हजार रुपैयाँ रकम सहारा युकेका अध्यक्ष मीनलाई हस्तान्तरण भएपछि मीनले क्लवलाई हस्तान्तरण गरेका हुन। कार्यक्रममा बोल्दै कुसाङले आफ्नो गक्षले भ्याएसम्म आफूहरुले सहारा क्लवको हरेक गतिविधिमा साथ दिदै सहयोग गर्ने वचन दिए ।

सहारा क्लव, अष्ट्रेलियाका अध्यक्ष राजमान थकालीले आफ्नो रेष्टुरेण्टमा डिनर पार्टीदेखि विभिन्न कार्यक्रम गरी संकलन भएको त्यसमा आफूले सहित सहयोग गरी उक्त सहयोग विगतका बर्ष देखि गर्दै आएको बताए । उनले आगामी बर्ष सम्मको लागि दोश्रो पुरस्कार प्रायोजना समेत गरेका छन ।

क्लवका मानार्थ सदस्य महेश गुरुङले विभन्नि देशमा स्थापना भएका सहाराका शाखाहरुले क्लवको गतिविधिहरुमा सहयोग गर्नु उत्तम कार्य भएको प्रशंसा गरे । सहारा युकेका अध्यक्ष मीन गुरुङले आफूहरुले आहा रारामा म्यान अफ दी म्याच हुनेले लाई ट्रफीको साथमा ३ हजार नगद पुरस्कार दिंदै आएको बताए ।

आगमी दिनमा क्लवको एकेडेमीलाई दिगो रुपमा संचालन गर्न आफूहरुले सहयोग गर्ने बताए ।

क्लवका अध्यक्ष वीरभद्र आचार्यले सहयोगी प्रति आभार व्यक्त गर्दै एकेडेमीको अक्षयकोषमा एक करोड बढी रकम संकलन भएकोले यस बर्षको आहा रारा सम्ममा एक करोड २५ लाख रुपैया संकलन हुने विश्वास गरेका छन । प्रतियोगिताबाट बचत हुन आउने रकम क्लबद्वारा संञ्चालित कठिन परिस्थिति एवं विपन्न वर्गका बालकहरु सम्मिलित १६ जिल्लाका २८ जना बालकहरुलाई निःशुल्क शिक्षा, दीक्षा, स्वास्थ्य, फुटबल प्रशिक्षण लगायत भरण-पोषणमा खर्च गरिने वरिष्ठ उपाध्यक्ष केशव बहादुर थापाले बताए।

# सरल नमूना सहकारीको रक्तदान

गोल्डेन न्यूज संवाददाता
पोखरा १० माघ ।

पोखराको चिप्लेढुंगामा कार्यालय रहेको सरल नमुना बचत तथा ऋण सहकारीले नवौं स्थापना दिवसमा रक्तदान कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रमकमा ४२ युनिट रगत संकलन भएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष रविरमण तिवारीले सहकारी नाफामुखी मात्र नभइ सामाजिक क्रियाकलापमा पनि अग्रसर हुनुपर्नेमा जोड दिए । उनले सरल नमूना सहकारीले सामाजिक उत्तरदायित्व अन्तर्गत रक्तदान कार्यक्रम आयोजना गरेर उदाहरणीय काम गरेको बताए । साना साना पुँजीलाई परिचालन गरेर आर्थिक चलाएमान गराइ देश विकासमा टेवा पुग्ने उनले स्पष्ट पारे । जिल्ला बचत संघ कास्कीका अध्यक्ष सुदिप ढकालले सहकारीको तीन खम्बे नीति कार्यान्वयन गरि अघि बढ्नुपर्नेमा जोड दिए ।

संस्थाका अध्यक्ष दिपक बाँस्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका शाखा प्रबन्धक केदारनाथ उप्रेती, सहकारीका सल्लाहकार भरत प्रसाद तिवारी, उपाध्यक्ष एवं कार्यक्रम संयोजक रामबहादुर बयलकोटी लगायतले सहकारीको नीति र सहकारीको गतिविधिमाथि प्रकाश पारेका थिए ।

कार्यक्रमको संचालन सस्थाका सचिव निर्मल बाँस्तोलाले गरेका थिए ।

सहकारीले स्थापना दिवसको अवसर पारेर मंगलबार आँकुरा भिलेजमा रहेका एचआईभी संक्रमित बालबालिकालाई शैक्षिक सामाग्री वितरण गर्ने सहकारीका प्रवन्धक कमल सुवेदीले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए ।

कार्यक्रममा रक्त संचार पोखराले प्राविधिक सहयोग गरेको थियो । कार्यक्रममा जिल्ला बचत संघ कास्कीका नवनिर्वाचित अध्यक्ष सुदिप ढकाललाई सम्मान गरिएको थियो ।

# पोखरा महोत्सवमा १२ करोड कारोवार !

पोखरा १० माघ ।(गोल्डेन)

युनाइटेड क्लवद्वारा आयोजित सातौं पोखरा महोत्सव सोमबार सम्पन्न भयो । महोत्सव समापन अवसरमा बोल्दै नेपाल सरकारका वन तथा भू-संरक्षण मन्त्री शंकर भण्डारीले पोखरा महोत्सव ४ नम्बर प्रदेशकै नमुना भएको बताए । युवाहरुद्वारा सञ्चालित युनाइटेड क्लवले पोखरामा महोत्सवको आयोजना गरी सरकारले गर्नुपर्ने कामलाई स्थानीय स्तरबाटै गरिरहेकाले उनले स्पष्ट पारे ।

युनाइटेड क्लवले विभिन्न सामाजिक क्रियाकलापहरु संगै पोखरामा नयाँ पर्यटकीय गन्तब्य चिडियाखाना निर्माण संगै सेती नदी संरक्षणमा देखाएको तत्परताले अन्य क्लव र युवाहरुले पनि देशको विकासमा लाग्नुपर्छ भन्ने सन्देश प्रदान गरेको भन्दै मन्त्री भण्डारीले आफू सरकारमा रहँदा या नरहदाँ पनि पोखरामा अन्तर्राष्ट्रिय स्तरको चिडियाखाना निर्माणमा पहलकदमी चलाइरहने बताए ।

सांसद शारदा पौडेलले युवाहरुले केही गरेर देखाउन सक्छन भन्ने उदाहरण युनाइट क्लवबाट प्रष्ट भएको भन्दै अन्य युवाहरुले पनि युनाइटेड क्लवको सिको गर्दै सामाजिक क्षेत्रमा लाग्नुपर्ने बताइन ।

कास्कीका प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनालीले महोत्सवले दर्शकलाई मनोरन्जनमात्र नभइ कुनै ज्ञान दिन सकेको खण्डमा अझै प्रभावकारी रहने बताए । शालिमार सिमेन्टका गण्डकी धौलागिरी प्रमुख तथा सिजी हार्डवेयर एण्ड सप्लायर्सका सञ्चालक दिनेश प्रसाद चौधरीले पोखरा महोत्सव अन्य मेला महोत्सव भन्दा भिन्न उद्देश्यका साथ अगाडि वढेको भन्दै क्लवको हरेक गतिविधिलाई आफ्नो कम्पनीले सहयोग गर्ने बताए ।

पश्चिमाञ्चल उद्योग वाणिज्य संघका अध्यक्ष सन्जीव वहादुर कोइरालाले पोखरा महोत्सव आफैमा गौरवको महोत्सव रहेको बताए । राज्यले लिनुपर्ने दायित्वलाई एउटा क्लवले उठान गरी अगाडि बढाउनु सानोतिनो कुरा नभएको स्पष्ट पार्दै उनले अन्य युवाहरुले पनि यसको अनुशरण गर्नुपर्नेमा जोड दिए ।

अमरसिंह उच्च माविका विद्यालय ब्यवस्थापन समितिका सदस्य ओमप्रसाद सुवेदी पोखरा महोत्सवले पोखरामा मात्र नभइ राष्ट्रमानै आफ्नो छवि उच्च राख्न सफल भएको दावी गरे।

क्वलका संस्थापक अध्यक्ष तथा पोखरा अन्तर्राष्ट्रिय चिडियाखाना निर्माण सरोकार समितिका अध्यक्ष हिमालय बखेलले क्लवले स्थापना कालदेखिनै महोत्सव आयोजना गरी पोखरा र आसपासका छिमेकी जिल्लाहरुमा सामाजिक काम संगै पोखरामा अन्तर्राष्ट्रियस्तरको चिडियाखाना निर्माणकार्यको शुभारम्भ गगर्न सफल भएको बताए। उनले हाल घाइते वन्यजन्तुको उद्धार केन्द्र निर्माणको काम भइरहेको र सेतीनदी संरक्षण र सौर्य बत्ती जडानमा समेत क्लवले काम गरिरहेको जानकारी दिए ।

क्लवका अध्यक्ष शुकबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा क्लवका प्रथम उपाध्यक्ष लालकाजी गुरुङ र महासचिव राजु श्रेष्ठले बोलेका थिए ।

१ लाख ८९ हजार दर्शकले अवलोकन गरेको महोत्सवमा १२ करोड रुपैयाँको कारोवार भएको अर्थ तथा टिकट ब्यवस्थापन उपसमितिका संयोजक गणेश तिमिल्सिनाले जानकारी दिए । त्यसैगरी महोत्सव स्थलमा राखिएको वन्यजन्तु अवलोकन केन्द्र नमुा चिडियाघरमा ४० हजार दर्शकले अवलोकन गरेको पर्यटन प्रवर्द्धन उपसमिति संयोजक भुवन ढकालले जानकारी दिए । महोत्सवमा आयोजना गरेको पोखरा तारा-३ को उपाधि सुगम थापा मगरले जितेका छन । सय जना प्रतिस्पर्धीलाई पछि पार्दै थापाले उपाधि संगै ५० हजार नगद पुरस्कार हात पारे । उपविजेता अनिल बिकेले २५ हजार र सान्त्वना बन्न सफल यम बहादुर नेपालीले ५ हजार रुपैयाँ नगद पुरस्कार हात पारे ।

# ओम डेभलपमेन्टमा कम्युनिटीको शेयर

गोल्डेन न्यूज संवाददाता
पोखरा १० माघ ।

पोखराको चिप्लेढुगांमा प्रधान कार्यालय रहेको ओम डेभलपमेन्ट बैंकले फरवार्ड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्थाको शेयर आस्वा प्रणालीमार्फत विक्री गर्ने भएको छ ।

ओम डेभलपमेन्ट बैंक लि.
OM DEVELOPMENT BANK LTD.

बैंकले यो प्रणाली यहि माघ १ गतेदेखि शुरु गरेको थियो । ओम पोखरामा आस्वा प्रणाली प्राप्त गर्ने पहिलो बैंक हो । फरवार्ड कम्युनिटी माइक्रो फाइनान्स वित्तीय संस्थाको शेयर आवेदन फारम वितरण तथा संकलन कार्य अहिले बैंकले धमाधम गरिरहेको छ ।

यस प्रणाली वमोजिम फर्म लगाउँदा नगद वा चेक पनि नचाहिने र बाँडफाँट पछि शेयर नपरेको रकम पनि बैंकले नै खातामा जम्मा गरिदिने ओम डेभलपमेन्ट बैंकले जनाएको छ ।

# क्यान मेलामा टाइपिङ प्रतियोगिता

पोखरा १० माघ ।

क्षेत्रीयस्तरको टाइपिङ प्रतियोगिता हुने भएको छ । पोखरामा आगामी फागुन ५ गतेदेखि हुने 'क्यान इन्फोटेक-२०१७ विथ मोबाइल एक्स्पो' को अवसरमा प्रतियोगिता हुन लागेको हो । फागुन ७ गते शनिबार प्रतियोगिता हुने कार्यक्रम संयोजक महेन्द्र भुर्तेलले जानकारी दिए ।

पश्चिमाञ्चलका विभिन्न जिल्लाबाट छनोट भएर आएका प्रतियोगीहरुलाई अन्तिम प्रतिस्पर्धामा सहभागी गराइनेछ । प्रतियोगिताका बिजेतालाई विशेष पुरस्कारको व्यवस्था गरिने भुर्तेलले बताए । 'कम्प्युटरको पहिलो प्राथमिकता नै टाइपिङ हो,' उनले भने, 'टाइपिङप्रति आकर्षण बढाउन प्रतियोगिता सफल हुने हाम्रो विश्वास छ ।'

कम्प्युटर एशोसिएसन नेपाल महासंघ (क्यान) कास्की शाखाको आयोजना तथा पोखरा इलेक्ट्रोनिक्स व्यवसायी संघ कास्कीको सहआयोजनामा इन्फोटेक हुन लागेको हो । पोखराको नयाँबजार स्थित प्रदर्शनी केन्द्रमा हुने इन्फोटेक ४ दिनसम्म चल्नेछ । सूचना, प्रविधि तथा संचार क्षेत्रमा नेपालमा भित्रिएका नविनतम प्रविधिहरुका बारेमा जानकारी गराई सूचना तथा प्रविधिको विकासमा योगदान पुऱ्याउने लक्ष्यले इन्फोटेक गर्न लागिएको क्यान कास्कीका अध्यक्ष तथा इन्फोटेकका संयोजक चिन्तामणि बास्तोलाले जानकारी दिए ।





**यौन तथा प्रजनन रोग सम्बन्धी डा. विनोद कुमार मिश्र मात्र १ दिनका लागि पोखरामा**

धवन्तरी आयुर्वेद हस्पिटल एण्ड रिसर्च सेन्टर धुमबाराही काठमाडौंमा कार्यरत तथा नेपाल १ टेलिभिजनबाट प्रशारित चर्चित कार्यक्रम रात परेपछिका कार्यक्रम प्रस्तोता डा.विनोद कुमार मिश्र यही माघ १२ गते बुधबार मात्र १ दिनका लागि पोखरा आउनुहुने भएकाले समयमै स्वास्थ्य परीक्षण गराई स्वास्थ्य लाभ लिनुहोस्।

**पुरूषमा देखिने** : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष।

**महिलाहरूमा देखिने** : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू।

**महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानको सफल उपचार**

**मलद्वार सम्बन्धी रोग** : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार।

बिरामी जाँच्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा